# विजयनगर गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

खुरुहरिया, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

फोन नं: १६६०७६५२००१
इमेल: info@bijaynagarmun.gov.np
वेबसाईट: www.bijaynagarmun.gov.np

पत्र संख्या:- २०७८/०७९
चलानी नम्बर:- ६१४

मिति:-२०७८।०७।०७

**श्री गाउँ कार्यपालिकाका सदस्यज्यूहरु सबै,**
**विजयनगर गाउँपालिका ।**

**बिषय:-** जानकारी सम्वन्धमा ।

प्रस्तुत विषयमा यस विजयनगर गाउँपालिका अध्यक्ष श्री गोपाल बहादुर थापा मगरज्यूको अध्यक्षतामा मिति २०७८।०६।११ गतेका दिन बसेको चौथो गाउँकार्यपालिका बैठकबाट पारित निर्णयहरु यसै पत्रसाथ संलग्न राखी जानकारी एवं कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

७८।०७।०७
**गोविन्द भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थ:**

श्री अध्यक्ष/उपाध्यक्षज्यूको सचिवालय, विजयनगर गाउँपालिका ।
श्री विजयनगर गाउँपालिका गाउँकार्यपालिकाका शाखा प्रमुखहरु सबै ।
श्री वडा कार्यालयहरु १-७, सबै ।
श्री सूचना प्रविधि शाखा: वेभसाइटमा अपलोड गरिदिनु हुन ।

## कार्यपालिका बैठक - ४

मितिः- २०७८।०६।११

आज मिति २०७८।०६।११ गते सोमबारका दिन विजयनगर गाउँपालिका अध्यक्ष श्री गोपाल बहादुर थापा मगर ज्यूको अध्यक्षतामा विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको ४ (चौथो) बैठक निम्न सहभागिहरुको उपस्थितिमा बसी विभिन्न प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

### उपस्थितिः-

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोपाल बहादुर थापा मगर | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | सदस्य | |
| ३ | श्री इन्नर थारु | सदस्य | |
| ४ | श्री नेपाल थारु | सदस्य | |
| ५ | श्री बुद्धीराम अर्याल | सदस्य | |
| ६ | श्री तिलकराम कंडेल | सदस्य | |
| ७ | श्री अनवर मोहम्मद मुसलमान | सदस्य | |
| ८ | श्री प्रेम बहादुर कलवार | सदस्य | |
| ९ | श्री दिनेश कुमार चौधरी | सदस्य | |
| १० | श्री शकुन्तला भण्डारी | सदस्य | |
| ११ | श्री दमन्ती सरा राना कुमाल | सदस्य | |
| १२ | श्री सिमा वि.क. | सदस्य | |
| १३ | श्री नितु दर्जी | सदस्य | |
| १४ | श्री धनबीर सुनार | सदस्य | |
| १५ | श्री मो.मुर्तजा बढई | सदस्य | |
| १६ | श्री गोविन्द भट्टराई | सदस्य सचिव | |

### आमन्त्रित सदस्यः-

| | | | |
|---|---|---|---|
| १ | श्री हिमलाल पौडेल | अधिकृत स्तर छैठौं | |
| २ | श्री हिमकान्त आचार्य | लेखा अधिकृत | |
| ३ | श्री लक्ष्मण घिमिरे | सूचना प्रविधि अधिकृत | |
| ४ | श्री दिपक वहादुर खड्का क्षेत्री | का. सहयोगी | |

## प्रस्ताव/निर्णयहरुः-

**प्रस्ताव नं. १-** करारमा नयाँ नियूक्त कर्मचारीको पारिश्रमिक तथा पदस्थापन सम्वन्धमा।

**निर्णय नं. १-** करारमा नयाँ नियूक्त कर्मचारीको पारिश्रमिक तथा पदस्थापन सम्वन्धमा छलफल गर्दा स्वास्थ्य कर्मिहरुको पारिश्रमिक साविक खाइपाई आएको रकममा मासिक रु. २०००/- का दरले पारिश्रमिक थप गर्ने तथा हालै नयाँ नियूक्ति भएका सव ईन्जिनियर र अ. सव इन्जिनियरको पारिश्रमिक नेपाल सरकारले सोहि पदकालागि तोकिएको न्यूनतम पारिश्रमिक उपलव्ध गराउने र नयाँ नियूक्त भएका स्वास्थय कर्मीको हकमा साविकमा सो सरहका करार कर्मचारीले पाए बराबर पारिश्रमिक उपलव्ध गरउने निर्णय गरियो।

**प्रस्ताव नं. २-** बगरखेतिका लागि अनुमति सम्वन्धमा।

**निर्णय नं. २-** बगरखेतिका लागि अनुमति सम्वन्धमा विजयनगर गाउँपालिका वडा नं. ४ डगडौवामा सुरई नदीको किनारमा वगर खेतिकालागी आएको निवेदन उपर छलफल गर्दा नदि र पुलको स्थानबाट ५०० मि. को दुरी बाहिर हुने गरी वगर खेतीका लागी सिफारिस गरिदिने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ३-** सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन सम्वन्धमा।

**निर्णय नं. ३-** सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनका लागी प्रत्येक वडाका असहाय विपन्न परिवारको प्राथमिकताको आधारमा नाम सिफारिस गरि गाउँपालिकामा पेश गर्न वडा कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४-** बार्षिक समीक्षा तथा चाडपर्व शुभकामना आदान प्रदान सम्वन्धमा।

**निर्णय नं. ४-** मिति२०७८।०६।२० गते गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को वार्षिक समीक्षा तथा चाडपर्व शुभकामना आदान-प्रदान कार्यक्रम सञ्चालन गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ५-** घर नक्सा अभिलेखिकरण सम्वन्धमा।

**निर्णय नं. ५-** घर नक्सा अभिलेखिकरण सम्वन्धमा विजयनगर गाउँपालिका भित्र बनेका घरहरुको आभिलेखिकरण गर्ने प्रयोजनका लागी घर नक्सा आभिलेखिकरण मापदण्ड निर्धारण गरि प्रमाणपत्र प्रदान गर्न प्रमाणपत्रको नमूना पारित गरियो। साथै अब बन्ने घरहरु गाउँपालिकाको मापदण्ड बमोजिम नक्सा पास गरेर मात्र घर निर्माण गर्ने र नक्सा अनुसार निर्माण भएका घरहरुको मात्र नियमानुसार निर्माण सम्पन्न प्रमाणपत्र दिने निर्णय गरियो।

**प्रस्ताव नं. ६-** बैकल्पिक उम्मेदवार सिफारिस गर्ने सम्वन्धमा।

**निर्णय नं. ६-** अ.स. इन्जिनियर र अ.हे.ब. नियूक्तिका लागि वैकल्पिक १ नम्बरमा रहेको उम्मेवारलाई कार्यालयको हालको कामको चाप र कर्मचारी अभावका कारण नियमानुसार करार नियुक्ति गरि कामकाज गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ७-** बाँकी भूक्तानी सम्वन्धमा।

**निर्णय नं. ७-** बाँकी भूक्तानी सम्वन्धमा आ.ब. २०७५।०७६ मा ठेक्का मार्फत सञ्चालित मयनारी महादेइया सडक कालोपत्रेको काम ८० प्रतिशत पूरा भएकाले सम्पन्न भएको कामको भुक्तानी हुन बाँकी रकम प्राविधिक मूल्याङ्कन बमोजिम भूक्तानी दिने निर्णय गरियो। भूक्तानी रकमको सूनिश्चिता आगामी गाउँसभाको बैठकबाट गरिनेछ।

**प्रस्ताव नं. ८-** सडक ठेक्का सम्वन्धमा।

**निर्णय नं. ८-** सम्वन्धमा त्रिपालनगर, जवाबैराठ, महादेइया, मैनारी सडकमा यस अधि विभिन्न आर्थिक वर्षहरुमा बजेट विनियोजित भइ सब बेसको कामहरु भैसकेको तर कतिपय स्थानहरुमा आवश्यकता अनुसार सब बेस लगाएत फर्मेसनका थप काम गर्नुपर्ने अवस्था भएमा प्राविधिक विश्लेषण अनुसार थप काम गर्ने गरि ठेक्का प्रक्रिया अघि बढाउने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ९-** कार्यविधि संशोधन सम्वन्धमा ।

**निर्णय नं. ९-** विजयनगर गाउँपालिकाका कर्मचारी प्रोत्साहन तथा फिल्ड भत्ता सम्वन्धि कार्यविधि, २०७७ को दफा ४ बमोजिम गाउँपालिका, वडा तथा शाखा कार्यालयमा कार्यरत कर्मचारीलाई प्रदान गरिने प्रोत्साहन तथा फिल्ड भत्ता सम्वन्धमा कार्यविधिको अनुसूचि-१ मा रहेका साविकको व्यवस्थामा संसोधन गरि देहाय बमोजिम कायम गर्ने गरी कार्यविधि संशोधन गर्ने भनि सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

अनुसुचि-१

**क. गाउँपालिका कार्यालय र वडा कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरु:**

| क्र.सं. | पद | स्थानीय भत्ता | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | २०००० | २०००० | |
| २ | शाखा अधिकृतस्तर | १६००० | १६००० | |
| ३ | ना.सु. वा सो सरह | ११००० | ११००० | |
| ४ | खरिदार वा सो सरह | ८००० | ८००० | |
| ५ | कार्यालय सहयोगी | ४००० | ४००० | |

**ख. गाउँपालिका कार्यालय र वडा कार्यालयमा कार्यरत अस्थायी तथा करारका कर्मचारीहरु:**

| क्र.सं. | पद | स्थानीय भत्ता | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | शाखा अधिकृतस्तर | ८००० | ८००० | |
| २ | ना.सु. वा सो सरह | ६००० | ६००० | |
| ३ | खरिदार वा सो सरह | ४००० | ४००० | |
| ४ | कार्यालय सहयोगी | ३००० | ३००० | |

**ग. गाउँपालिका कार्यालय र वडा कार्यालयमा कार्यरत अन्य स्रोतबाट तलब खाने कर्मचारीहरु:**

| क्र.सं. | पद | इन्धन सुविधा (पेट्रोल) | कैफियत |
|---|---|---|---|
| १ | शाखा अधिकृतस्तर | १० लिटर | |
| २ | ना.सु. वा सो सरह | ८ लिटर | |
| ३ | खरिदार वा सो सरह | ५ लिटर | |

**घ. इन्धन सुविधा:**

| क्र.सं. | पद | इन्धन सुविधा (पेट्रोल) | अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | आवश्यकता अनुसार | माषिक | |
| २ | शाखा प्रमुख | १० लिटर | माषिक | शाखा प्रमुख जुनसुकै पदको भएपनि |
| ३ | प्राविधिक | १५ लिटर | माषिक | सबै तहको |
| ४ | प्राविधिक | १० लिटर | माषिक | कृषि तथा पशु सेवातर्फ |
| ५ | वडा सचिव | १० लिटर | माषिक | |

**प्रस्ताव नं. १०-** कार्यक्रम सञ्चालन सम्वन्धमा।

**निर्णय नं. १०-** वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पोषण सुधारको लागि विपन्न महिला सहकारी वा समूहमा आय-आर्जन कार्यक्रम सञ्चालन शिर्षकमा विनियोजित रकम रु. ६,२९,०००।- (छ लाख उन्तीस हजार) बाट तोकिएको कार्यक्रम तोकिए बमोजिम सञ्चालन गर्न यस गाउँपालिका अन्तर्गतका वडा नं. १ र २ मा कार्यक्षेत्र रहेको ज्ञानपुञ्ज महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई छनौट गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ११-** औद्योगिक ग्राम सम्वन्धमा।

**निर्णय नं. ११-** विजयनगर गाउँपालिका वडा नं. ४, डगडौवा स्थित तपसिल बमोजिमको चार किल्ला भित्र रहेको ८ नम्वर ऐलानी जग्गामा औद्योगिक ग्राम स्थापना गर्न उपयुक्त रहेकोले औद्योगिक ग्राम घोषणाका लागि लुम्बिनी प्रदेश सरकार (उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, बुटवल रुपन्देही) मार्फत नेपाल सरकार (उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार काठमाडौ) समक्ष अनुरोध गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | जग्गा विवरण | चार किल्ला | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | साविक विसुनपुर गा.वि.स. ४घ अन्तर्गतको कित्ता नं. ४४५ | पूर्व- कि.नं. ४४६<br>पश्चिम-कि.नं. ४०८, ५११, ५१२, ५०९,५१०, ८३३, ८७०, ८७२, ५८३, ५८४ र ५८५<br>उत्तर- कि.नं. ८३३,८७०, ८७२, ५८३, ५८४, ५८५ र ४०८<br>दक्षिण- कि.नं. ८२६ र ४१२ | करिव ८ विघा | |
| २ | साविक विसुनपुर गा.वि.स. ४घ अन्तर्गतको कित्ता नं. ४४६ | पूर्व- कि.नं. सुरही खोला<br>पश्चिम- कि.नं. ४४५<br>उत्तर- सुरही खोला<br>दक्षिण- कि.नं. ८३६ र ८२६ | करिव ९ विघा | |

**प्रस्ताव नं. १२-** रकम उपलब्ध गराउने सम्वन्धमा।

**निर्णय नं. १२-** निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

तपसिलः-

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सन्तराम हरिजन | विजयनगर-३, कढियार | औषधोपचार | रु. ११,०००।- (एघार हजार मात्र) | विपन्न नागरिक उद्धार, उपचार, राहत | |
| २ | धनिराम थारु | विजयनगर-१, नौसहरा | | रु. २०,०००।- (विस हजार मात्र) | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | कोमल कोरी | विजयन गर-६, जुडपनिया | औषधोपचार | रु. ११,०००।- ( एघार हजार मात्र) | तथा आर्थिक सहायता सहयोग कार्यक्रम | |
| ४ | रौबाब अली तुर्क अहिर | विजयनगर-४, वरगदवा | | रु. ५,०००।- (पाँच हजार मात्र) | | |
| ५ | धनपाती खटिक | विजयनगर-४, कुडउ | | रु. ५,०००।- (पाँच हजार मात्र) | | |
| ६ | श्री समयमाई मन्दिर निर्माण तथा संचालन समिति | विजयनगर-५, पिपरी | विजयादशमीको अवसरमा नवदुर्गा पुजा संचालन | रु. ३०,०००।- (तीस हजार मात्र) | चाड पर्व, मेला महोत्सव तथा संस्कृतिक संरक्षण शिर्षक | |
| ७ | श्री राम जानकी मन्दिर व्यवस्थापन समिति | विजयनगर-३, जगदिशपुर | विजयादशमीको अवसरमा नवदुर्गा पुजा संचालन | रु. ५०,०००।- (एक पचास हजार मात्र) | | |
| ८ | इत्तेहाद नेपाल | कृष्णनगर-२, कपिलवस्तु | सांस्कृतिक कार्यक्रम तथा कोभिडबाट प्रभावितलाई राहत वितरण कार्यक्रम | रु. १ (एक) लाख मात्र। | | |
| ९ | महदेइया दुर्गा पुजा समिति | विजयनगर-३, महदेइया | विजयादशमीको अवसरमा नवदुर्गा पुजा संचालन | रु. १०,०००।- ( दश हजार मात्र) | | |
| १० | श्री दुर्गा पुजा व्यवस्थापन समिति | विजयनगर-१, जवावैराठ | विजयादशमीको अवसरमा नवदुर्गा पुजा संचालन | रु. २०,०००।- ( विस हजार मात्र) | | |
| ११ | श्री दुर्गा पुजा व्यस्थापन समिति | विजयनगर-१, हनुमाननगर | विजयादशमीको अवसरमा नवदुर्गा पुजा संचालन | रु. ३०,०००।- ( तीस हजार मात्र) | | |
| १२ | भू.पु. सैनिक टोल सु-समचार मण्डली | विजयनगर-४, कपिलवस्तु | प्रार्थना मण्डली भवन निर्माण | रु. २ (दुई) लाख मात्र । | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| १३ | आदर्श स्वावलम्बन बचत तथा ऋण तथा सहकारी संस्था लि. | विजयनगर-२, पडरिया | भवन निर्माण | रु. १ (एक) लाख मात्र। | | |